# <u>धर्मदेवी नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम</u>

धर्मदेवी नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम पेस गरिरहँदा मलाई खुशी लागेको छ। सर्वप्रथम, मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ आफ्नो जीवन उत्सर्ग गर्नुहुने सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ एवं नागरिकहरुको हकहित रक्षाका लागि विभिन्न कालखण्डमा भएका सबै आन्दोलन तथा सङ्घर्षमा सहभागी सबै अग्रजहरु, बेपत्ता परिवार, घाइते, अपाङ्गता भएका सम्पूर्ण दाजुभाई तथा दिदिबहिनीहरु प्रति उच्च सम्मान प्रकट गर्दछु।

सम्पूर्ण धर्मदेवी नगरपालिकाका नागरिकहरुलाई लोकतन्त्रका लाभहरुको न्यायोचित वितरण गर्न, स्थानीय सरकार प्रतिको विश्वासलाई थप मजबुत बनाउन, दिगो तथा रोजगारमूलक आर्थिक वृद्धि हासिल गर्न, भ्रष्टाचार नियन्त्रण गरी हरेक क्षेत्रमा सुशासन कायम गर्न नगरपालिका प्रतिबद्ध रहेको छ। स्थानीय आवश्यकता तथा प्राथमिकतालाई केन्द्रमा राखी आर्थिक तथा सामाजिक रुपान्तरण गर्न स्थानीय सरकारप्रति फैलाइएका नकारात्मक भ्रमहरु तथा अफवाहलाई चिर्दै नगरपालिकाबाट प्रवाह हुने सेवाप्रवाहलाई प्रभावकारी बनाउन आ.व. २०८२।०८३ को नीति तथा कार्यक्रम केन्द्रित रहेको छ।

<u>नगरसभा सदस्यज्यूहरु,</u>

१. निर्वाहमूखी कृषिलाई आधुनिकीकरण र व्यावसायिक बनाउनका लागि कृषिमा यान्त्रीकरण कार्यक्रमलाई अगाडि बढाइनेछ।

२. नगरपालिका क्षेत्रभित्र उत्पादन हुने प्रमुख खाद्यबाली तथा नगदेबालीको विकासका लागि गरिबसँग विश्वेश्वर लगायतका लक्षित कार्यक्रम मार्फत कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गरिनेछ।

३. कृषकहरुको क्षमता विकासका लागि फलफूल बगैंचा व्यवस्थापन, माहुरीपालन, उखु खेती तालिम जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।

४. स्थानीय कृषि उपजको सुरक्षित भण्डारणका लागि चिस्यान केन्द्र निर्माणको कार्य अगाडी बढाइनेछ।

५. खाद्य बाली तथा नगदे बालीको उन्नत बिउबिजन वितरण कार्यलाई थप प्रभावकारी बनाउन अनुदानको व्यवस्था मिलाइनेछ।

६. कृषिमा यान्त्रिकरणका लागि अनुदानको कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७. कृषि जैविक विविधता संरक्षण तथा सामुदायिक बिउ बैंक सुदृढीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८. व्यावसायिक पशुपालनका लागि गोठ सुधार तथा खोर सुधार कार्यक्रम सञ्चालन गर्न अनुदानको व्यवस्था मिलाइनेछ।

९. भेडा बाख्रा प्रबर्धन कार्यक्रम सञ्चालन साथै पशु नश्ल सुधार कार्यक्रम सञ्चालन गरिनेछ।

१०. नगरपालिकाका सबै वडाहरुमा किसान सूचीकरणको कार्य सम्पन्न गरिनेछ।

११. पशुहरुमा लाग्ने खोरेत रोग नियन्त्रण कार्यक्रम सञ्चालन गरी खोरेत रोगमुक्त पालिका बनाउने व्यवस्था मिलाइनेछ।

१२. नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक कुकुरहरुमा लाग्ने रेबिज रोग नियन्त्रण कार्यक्रम साथै कुकुरमा बन्ध्याकरण कार्यक्रम सञ्चालन गरिनेछ।

१३. नगरपालिका क्षेत्रभित्र रहेका दुध चिस्यान केन्द्र, घरेलु उद्योगमा आवश्यक पर्ने औजार उपकरणहरु लागत सहभागिताका आधारमा खरिद गर्न अनुदानको व्यवस्था मिलाइनेछ।

१४. नगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका तथा सञ्चालन हुने सबै प्रकारका व्यवसायलाई प्रचलित कानून बमोजिम अनिवार्य रुपमा दर्ता तथा नवीकरण गर्ने व्यवस्था मिलाइनेछ।

१५. महिला उद्यमी विकासका लागि सीप विकास कार्यक्रम सञ्चालन गरिनुका साथै परम्परागत तथा घरेलु उद्योगको संरक्षण र विकासमा जोड दिइनेछ।

१६. स्थानीय स्तरमा उत्पादन भएका वस्तुको सहज बजारीकरणका लागि व्यवस्था मिलाइनेछ।

<u>आदरणीय नगरसभा सदस्यज्यूहरु,</u>

१७. युवा लक्षित उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गर्नुका साथै विदेशिने युवा जनशक्तिलाई रोक्नका लागि १२ कक्षा उतिर्ण गरी सकेका विद्यार्थीहरुलाई प्रतिस्पर्धात्मक परिक्षा तयारी कक्षा सञ्चालन गरिनेछ।

१८. नगरपालिकाका निजी क्षेत्र तथा सहकारी क्षेत्रको सहकार्यमा स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्योगको संरक्षण तथा विकास गर्ने नीति अवलम्बन गरिनेछ।

१९. उत्पादकत्व र बजार प्रतिस्पर्धा वृद्दि गर्नका लागि समुहमा प्रविधि हस्तान्तरणको कार्यक्रम सञ्चालन गरिनेछ।

२०. प्रचलित कानूनको अधिनमा रहि सरोकारवाला सहितको सहभागितामा बजार अनुगमन कार्यलाई थप प्रभावकारी बनाइनेछ।

२१. आन्तरिक आय वृद्धि गर्न करका दायरा बढाउने कर प्रणालीमा संरचनात्मक सुधार गरिनेछ । कर प्रशासन सुधार र सूचना प्रविधिको प्रयोगबाट करदातामैत्री राजश्व प्रणाली विकास गर्दै लगिनेछ।

२२. नगरपालिका क्षेत्र भित्रका ऐतिहासिक, धार्मिक, पूरातात्विक र साँस्कृतिक सम्पदाको संरक्षण एवं प्रवर्द्धनमा जोड दिइनेछ।

२३. स्वीकृत विस्तृत आयोजना प्रतिवेदन (डि.पि.आर) बमोजिम धर्मदेवी मन्दिर पून:निर्माण कार्यलाई तिव्रता दिइनेछ।

२४. निजी क्षेत्र तथा विकास साझेदार संस्थाको सहकार्यमा कृषि पर्यटन, धार्मिक पर्यटन विकासका लागि कार्यक्रम अगाडी बढाइनेछ।

२५. लालीगुराँस नगरपालिकासँगको सहकार्यमा तिनजुरे, मिल्के, जलजले तथा पाथिभरा भगवती मन्दिर व्यवस्थापनका साथै पर्यटन प्रवर्द्धनका कार्यक्रम अघि बढाइनेछ।

२६. नगरपालिका क्षेत्र भित्रका सबै पर्यटकीय क्षेत्रहरुलाई एकअर्कासँग जोड्ने गरी पदमार्ग निर्माण गरी मूल सडकसँग जोडिनेछ।

२७. आन्तरिक तथा वाह्य पर्यटक लक्षित गरी पर्यटक पूर्वाधार निर्माणका लागि निजी क्षेत्रलाई प्रोत्साहन तथा सहकार्य गरिनेछ।

२८. विभिन्न साहित्य, कला, संस्कृति तथा धर्मसँग सम्बन्धित वस्तुहरु सङ्कलन गरी यलम्बर पार्क क्षेत्रमा सङ्ग्रहालय निर्माणका लागि पहल गरिनेछ।

२९. परम्परागत रुपमा चलि आएका मेला, जात्रा, बाजा, धर्म संस्कृतिको जगेर्नाका कार्यक्रम सञ्चानल गरिनेछ।

३०. धर्मदेवी नगरपालिकाको प्रवेशद्वार टुटे देउरालीमा पर्यटन सूचना केन्द्रको स्थापना गरी नगरपालिका क्षेत्र भित्रका पर्यटकीय क्षेत्रको बारे सूचना प्रवाह गर्ने कार्यको थालनी गरिनेछ।

३१. नगरपालिका क्षेत्र भित्रको पर्यटकीय क्षेत्रको विकासका लागि सम्भाव्यता अध्ययन साथै एकीकृत पर्यटन पूर्वाधार विकास कार्यक्रमलाई जोड दिइनेछ।

३२. नगरपालिका क्षेत्र भित्रका सामुदायिक वनलाई सक्रिय बनाई सामुदायिक वनमा आधारित पर्यापर्यटन कार्यक्रमको प्रवर्द्धन गरिने साथै भूमिगत पानीको भण्डारण विस्तारका लागि सामुदायिक वन क्षेत्रभित्र पानी सङ्कलनका लागि पोखरी निर्माण कार्यको थालनी गरिनेछ।

३३. नगरपालिका र निजि क्षेत्रको सहकार्यमा ग्रामिण पर्यटनको विकास गर्दै पर्यटनबाट प्राप्त लाभलाई स्थानीय समुदायमा पुर्‍याइनेछ। पर्यटनमा मौलिकता र नवप्रवर्तनलाई प्रोत्साहन गरिनेछ।

**<u>नगरसभा सदस्यज्यूहरु,</u>**

३४. नगरपालिका क्षेत्र भित्रका सबै घरधुरीलाई सहकारीमा आवद्ध गर्नका लागि नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका सहकारीलाई सक्रिय बनाइनेछ। सबै सहकारीलाई अनिवार्य रुपमा COPOMIS (कोपोमिस) मा आबद्धताका लागि कडाइका साथ पहल गरिनेछ।

३५. सहकारी संस्थाका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकासका लागि आवश्यक सीप र तालिमको व्यवस्था गरिनेछ।

३६. कृषि उत्पादनको उचित मूल्यका लागि बिचौलियाको प्रभाव कम पार्न किसानले गरेको उत्पादनलाई सोझै बजारसँग जोड्नका लागि आवश्यक व्यवस्था गरिनेछ।

३७. भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको व्यवस्थापन कार्य भूमि समस्या समाधान आयोगसँगको समन्वय एवं सहकार्यमा सम्पन्न गरिनेछ, सोका लागि आवश्यक बजेटको व्यवस्था मिलाइनेछ।

**<u>नगरसभा सदस्यज्यूहरु,</u>**

३८. माम्लिङ्गमा निर्माण भएको पाँच शैयाको नगर अस्पतालको सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाइनेछ। नगर अस्पताल सुचारु गर्नका लागि आवश्यक उपकरण व्यवस्थापनका लागि सङ्घीय सरकार, प्रदेश सरकार तथा अन्य विकास साझेदार संस्थासँग सहकार्य र समन्वय गरिनेछ।

३९. म स्वास्थ्य, मेरो समुदाय स्वास्थ्य, घर टोलमा स्वास्थ्य प्रबर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

४०. लागुपदार्थ दुर्व्यसन, मानसिक स्वास्थ्य, आत्महत्या रोकथाम सम्बन्धी जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ।

४१. स्वास्थ्य सेवामा सबै नगरबासीहरुको पहुँच कायम गर्न स्वास्थ्य बीमा कार्यक्रम प्रभावकारी बनाउन प्रथम सेवा विन्दु नगरपालिकामा स्थापनाका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

४२. कडा रोगबाट पिडित नगरबासीहरुको औषधी उपचार सेवा लिन सहजताका लागि प्रदान गर्दै आएको यातायात खर्चलाई निरन्तरता दिइनेछ। गर्भवती तथा सुत्केरी आमाहरुलाई निःशुल्क क्याल्सियम चक्की वितरण, आइरन चक्की, घुम्ती भिडियो एक्सरे सेवा तथा ल्याब सेवालाई निरन्तरता दिइनेछ।

४३. पूर्ण खोप सुनिश्चितताको दिगोपनाका लागि सङ्घीय तथा प्रदेश सरकारको सहकार्यमा खोप कार्यक्रमहरु सञ्चालन गरिनेछ।

४४. केही वडाहरुमा सञ्चालनमा रहेको गाउँघर क्लिनिक सेवालाई सबै वडामा विस्तार गरिनेछ। हाल नगरपालिकाको वडा नं. ८ बाट सेवा प्रदान भइरहेको आयुर्वेद औषधालयको सेवा विस्तार गरी वडा नं. २ तथा नगरपालिकाको केन्द्रबाट समेत सेवा प्रदान गर्नका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

४५. नगरपालिका भित्रका ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको घरमै गई स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाइनेछ।

४६. आँखा रोग उपचारका लागि मुढेमा सञ्चालनमा रहेको धर्मदेवी आँखा उपचार केन्द्रलाई साझेदार संस्थाको सहकार्य तथा समन्वयमा व्यवस्थित गर्दै लगिनेछ।

४७. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि नगर शिक्षा योजना निर्माणको कार्य सम्पन्न गरिनेछ। नगर शिक्षा ऐनलाई समय सापेक्ष बनाइनेछ।

४८. शैक्षिक क्यालेन्डर निर्माण गरी शैक्षिक गतिविधिलाई व्यवस्थित गरिनेछ।

४९. सबै सामुदायिक विद्यालयमा इन्टरनेट सेवा सञ्चालनलाई व्यवस्थित गरिनेछ। सबै विद्यालयमा इ-हाजिरीको व्यवस्था गरी प्रभावकारी अनुगमनको व्यवस्था मिलाइनेछ।

५०. आर्थिक रुपले विपन्न जेहेन्दार विद्यार्थीहरुलाई विशेष छात्रवृत्तिको व्यवस्था मिलाइनेछ।

५१. स्थानीय पाठ्यक्रम निर्माण कार्य सम्पन्न गरिनेछ।

५२. सामुदायिक विद्यालयमा अध्ययनरत शिक्षक, शिक्षिकाहरुको क्षमता विकासका लागि प्रविधिमैत्री तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

५३. विद्यार्थीको संख्या तथा विद्यालयको नतिजालाई आधार मानी नगरपालिकाबाट शैक्षिक अनुदान प्रदान गर्ने व्यवस्था मिलाइनेछ। प्राविधिक बिषय अध्ययन गर्न जाने नगरपालिका क्षेत्रभित्रका विद्यार्थी मध्ये गरिब, जेहेन्दार तथा उत्कृष्ट अङ्क प्राप्त गर्ने छात्र छात्रामध्येबाट एक जनालाई छात्रवृत्तिको व्यवस्था मिलाइनेछ।

५४. नगरपालिका भित्र सञ्चालन हुने सबै खेलकुद कार्यक्रम नगर खेलकुद विकास समिति मार्फत सञ्चालन गरिनेछ। एकै प्रकृतिका खेलकुद विभिन्न वडामा सञ्चालन गर्नुको सट्टा एकिकृत रुपमा हुने व्यवस्था मिलाइनेछ।

५५. मेयर कप फुटबल प्रतियोगितालाई निरन्तरता दिइनेछ। साथै उपमेयर कप भलिबल प्रतियोगिता समेत सञ्चालनको शुरुवात गर्न आवश्यक व्यवस्था मिलाईनेछ।

५६. तेक्वान्दो, उसु, मार्सल आर्ट लगायत विधाका खेल कार्यक्रम अगाडी बढाइनेछ। धर्मदेवी पुस्तकालयको प्रभावकारी सञ्चालनका लागि आवश्यक समन्वय तथा सहकार्य गरिनेछ।

५७. महिला सशक्तीकरण कार्यक्रमलाई निरन्तरता दिँदै महिला, बालबालिका माथि हुने सबै प्रकारका हिंसा र भेदभाव न्यूनीकरणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ। खाँदबारीमा सञ्चालनमा रहेको सुरक्षित आवास गृहको व्यवस्थापनका लागि आवश्यक सहयोगको व्यवस्था मिलाईनेछ।

५८. सबै नगरबासीहरुको न्यायमा सहज पहुँच कायम गर्न न्यायिक समितिको काम कारबाहीलाई थप चुस्त, दुरुस्त बनाउँदै लगिनेछ सोका लागि क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

५९. समाजमा जरो गाडेर बसेका कु-प्रथा, कु-संस्कारको न्यूनीकरणका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

६०. ज्येष्ठ नागरिकहरुका अनुभवहरुलाई उपयोगका लागि ज्येष्ठ नागरिक चौतारी तथा ज्येष्ठ नागरिक सम्मान कार्यक्रमका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

<u>नगरसभा सदस्यज्यूहरु,</u>

६१. नयाँ सडक ट्र्याक खोल्ने कार्य निरुत्साहित गरिनेछ।सडकको स्तरोन्नती गर्ने कार्यलाई थप सक्रियताका साथ कार्यान्वयन गरिनेछ।

६२. पक्की नाली सहितको सडक कालोपत्रे गर्ने र ग्राभेल गर्ने कार्यलाई उच्च प्राथमिकता दिइनेछ। कालोपत्रे र ग्राभेल गरिएको सडकको किनारामा माटो र हावापानी सुहाउँदो आकर्षक देखिने फलफूल लगायतका विरुवा रोप्ने कार्यलाई तिव्रता दिइनेछ।

६३. सडक,पुल झोलुङ्गे पुलको निर्माणका लागि विशेष पहल गरिनेछ, साथै भएका संरचनाको संरक्षण गरिनेछ।

६४. सडक गुरु योजनालाई आधार मानी विस्तृत परियोजना प्रतिववेदन (डि.पि.आर) स्वीकृत भएका सडकको निर्माण एवं स्तरोन्नतीमा जोड दिइनेछ।

६५. कृषि योग्य भूमिमा सिँचाईको व्यवस्थाका लागि कार्यक्रम ल्याइनेछ। आवश्यक पर्ने उपकरणहरुमा लागत साझेदारीका आधारमा अनुदानको व्यवस्था मिलाइनेछ।

६६. आफ्नै वडा कार्यालय भवन नभएका वडा कार्यालय निर्माणका लागि जग्गा प्राप्तिको कार्य सँगसँगै भवन निर्माण कार्य गर्दै लगिनेछ।

६७. भुकम्प प्रतिरोधी तथा सुरक्षित भवन निर्माणका लागि भवन निर्माण सम्बन्धी मापदण्ड र भवन निर्माण आचार संहिताको पूर्ण परिपालना गर्दै भवन निर्माण इजाजत प्रदान गरिनेछ।नगरपालिका स्थापना हुनुभन्दा पहिलानै निर्माण भएका घरहरु तथा नक्सापास नगरी बनाइएका घरहरुको अभिलेखीकरणका लागि विशेष कार्यक्रम ल्याइनेछ।

६८. सेवाग्राही मैत्री संरचना निर्माणमा जोड दिइनेछ।

६९. नगरपालिका क्षेत्रभित्र निर्माण भएका सबै प्रकारका सडकहरुको अभिलेखीकरण गरिनेछ। सडकको लगत कट्टा गर्ने कार्यको शुरुवात गर्न सम्बन्धित निकायसँग समन्वय गर्ने कार्यको शुरुवात गरिनेछ।

७०. फुसको छानो हटाई जस्तापाता छाउने कार्यलाई निरन्तरता दिइनेछ।

७१. "**उज्यालो नगर कार्यक्रम**" अन्तर्गत नगरपालिका क्षेत्र भित्रका बजारहरुमा नेपाल विद्युत प्राधिकरणसँग लागत साझेदारीमा सडक वत्ती जडान कार्य गरिनेछ। साथै सौर्य बत्ती जडानको कार्य समेत सञ्चालन गरिनेछ।

७२. वैकल्पिक उर्जाको प्रयोगलाई बढाउन विशेष कार्यक्रम ल्याइनेछ।

७३. नगरपालिका क्षेत्रभित्र स्वच्छ खानेपानीको दिगो व्यवस्थापनका लागि नगरको गौरवको योजना धर्मदेवी वृहत खानेपानी आयोजना सञ्चालनका लागि सङ्घ तथा प्रदेश सरकारसँग सहकार्य गरिनेछ।

७४. सञ्चालनमा रहेका खानेपानी आयोजनाका श्रोत, भौतिक संरचनाको स्थानीयहरुको सहभागितामा संरक्षणको व्यवस्था मिलाईनेछ।

**नगरसभा सदस्यज्यूहरु,**

७५. नगरपालिका क्षेत्र भित्रका बजारबाट उत्सर्जन हुने फोहोर व्यवस्थापन कार्य गरिनेछ।

७६. नगरपालिका क्षेत्रभित्र रहेका सबै सामुदायिक वनहरुलाई सक्रिय बनाउँदै बन्यजन्तु र तिनको बासस्थान एवं दुर्लभ वनस्पतिको संरक्षणको कार्यक्रम डिभिजन वन कार्यालयसँगको समन्वय र सहकार्यमा गरिनेछ।

७७. सामुदायिक वनमा पर्यापर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ। नगर क्षेत्र भित्र रहेका पोखरी, झरना, सिमसार क्षेत्र आदिको संरक्षण र विकास गर्दै पर्यटनसँग आवद्ध गरिनेछ।

७८. कृषि क्षेत्रमा रासायनिक विषादीको प्रयोगलाई निरुत्साहित गर्दै लगिनेछ।

७९. जलवायू परिवर्तनको प्रभाव कम गर्न नेपाल सरकार, प्रदेश सरकार साथै अन्य विकास साझेदार संस्थासँगको समन्वय एवं सहकार्यमा जलवायू अनुकुलन कार्यक्रम कार्यान्वयन गरिनेछ।

८०. नगरपालिका क्षेत्रभित्र सञ्चालन गर्ने विकास निर्माण कार्यक्रमलाई वातावरणमैत्री बनाइनेछ।

८१. नगरवासीहरुलाई घरदैलोमा सेवा प्रवाह दिन तथा सार्वजनिक सेवामा सबैको पहुँच कायम गर्नका लागि माग र आवश्यकताका आधारमा घुम्ती सेवा सञ्चालन गरिनेछ।

८२. सेवा प्रवाहलाई आधुनिक, सूचना प्रविधिमैत्री बनाउन सेवा प्रदायक कर्मचारीको सीप र क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

८३. नगरपालिकाको न्यायिक समितिको काम कारबाहिलाई प्रभावकारी बनाई न्याय सेवा विस्तारका लागि नीतिगत, संस्थागत जस्ता कार्यक्रम सुदृढीकरण गर्दै लगिनेछ।

८४. नगरपालिका र अन्तर्गतका सबै निकायमा इ-हाजिरी जडान गर्ने कार्य सम्पन्न गरिनेछ। कर्मचारी प्रशासनलाई थप व्यवस्थित गर्न तथा सेवाप्रवाहलाई मितव्ययी,

भरपर्दो, दिगो, जनमैत्री बनाइनेछ, साथै आन्तरिक नियन्त्रण प्रणाली निर्माण गरी कार्यान्वयन गरिनेछ।

८५. नगरपालिका र अन्तर्गतका सबै निकायमा नागरिक वडापत्र, उजुरी पेटिका आदिको व्यवस्थालाई थप सुदृढ बनाउँदै लगिनेछ।

<u>नगरसभा सदस्यज्यूहरु,</u>

८६. सेवा प्रवाहमा निष्पक्षता, पारदर्शिता कायम राख्दै पालिकाबाट प्रवाह हुने सेवामा सबैको पहुँच स्थापित गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

८७. नगरपालिकाको सुरक्षा व्यवस्थालाई थप मजबुत र व्यवस्थित बनाउन नगरपालिकाको केन्द्रमा रहेको मुढे प्रहरी चौकीलाई इलाका प्रहरी कार्यालयमा स्तरोन्नतीका लागि पहल गरिनेछ।

८८. बजार क्षेत्रमा आवश्यकता अनुसार सि.सि. क्यामेरा जडान गरिनेछ।

८९. नगर प्रहरीको संख्या बढाई नगर प्रहरीलाई बजार व्यवस्थापन, विपद् व्यवस्थापन कार्य तथा सार्वजनिक सम्पत्तीको सुरक्षाका लागि परिचालन गरिनेछ।

९०. करदाता शिक्षा कार्यक्रम कार्यान्वयन गरिनेछ। राजश्व चुहावट हुने क्षेत्र पहिचान गरी नियन्त्रणका लागि राजश्व सङ्कलन तथा प्रतिवेदन प्रणालीलाई सूचना प्रविधिमैत्री बनाइनेछ।

९१. वैदेशिक रोजगारलाई व्यवस्थित, मर्यादित एवं वैदेशिक रोजगारबाट फर्केका नगरबासीको सीप तथा पूँजीलाई उत्पादनशील क्षेत्रमा उपयोगका लागि विकास साझेदारसँग समन्वय र सहकार्य गरिनेछ। आन्तरिक रोजगारी प्रबर्धनका लागि वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई उद्यमशीलता विकास साथै मनोसामाजिक परामर्श सेवा कार्यक्रमको शुरुवात गरिनेछ।

९२. उद्योग, कृषि, पूर्वाधार विकास, सहकारी क्षेत्र, पर्यटन क्षेत्रका सबै कार्यक्रममा गरिबी र बेरोजगारी न्यूनीकरणलाई आन्तरिकीकरण गरिनेछ।

९३. दिगो विकासको लक्ष्यलाई नगरपालिकाको बजेट तथा कार्यक्रममा आन्तरिकीकरण गरिनेछ।

९४. दिनप्रतिदिन बढ्दो बसाइँसराइँ दरलाई नियन्त्रणका लागि शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रमा सुधार ल्याउन विशेष पहल गरिनेछ। विभिन्न कारणले नगरपालिकाबाट बसाइँसरी अन्यत्र गएका परिवारलाई फर्काउनका लागि वातावरण निर्माण गर्दै लगिनेछ।

उदय चन्द्र पौडेल
प्रमुख
धर्मदेवी नगरपालिका, सङ्खुवासभा